अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
वासिङ्टन डीसी मेट्रो च्याप्टर (२०२२-२०२४)
INTERNATIONAL NEPALI LITERARY SOCIETY (INLS)
Washington DC, Metro Chapter (2022-2024)

# अनेसास डी.सी. च्याप्टर कार्यसमिति निर्वाचनको परिणाम

**प्रकाशन मिति : शनिबार, नोभेम्बर १६, २०२४**

अनेसास डी. सी. मेट्रो च्याप्टर कार्यसमितिको निर्वाचनका लागि उम्मेदवारी दिने अन्तिम दिन गत बुधबार, नोभेम्बर १३ साँझ ६ बजेसम्म देहायका आजीवन सदस्यहरूबाट उम्मेदवारीको रितपूर्वक आवेदन परेको र अध्यक्षदेखि कोषाध्यक्ष पदसम्म कुनै पनि पदमा एकभन्दा बढी उम्मेदवारको दरखास्त नपरेको तथा अनेसासको विधान सातौं संशोधन २०२१, को व्यवस्थाअनुसार च्याप्टर कार्यसमितिका सदस्य पदमा बढीमा ११ जना निर्वाचित हुन सक्ने भए पनि सदस्य पदमा ६ जना उम्मेदवारको मात्र दरखास्त परेअनुसार गत बिहीबार, नोभेम्बर १४ मा दरखास्त परेका उम्मेदवारको पहिलो सूची प्रकाशित गरी हिजो शुक्रबार नोभेम्बर १५ को साँझ ५ बजेसम्म दावीविरोधका लागि समय दिइकामा कसैको दावीबिरोध नभएको जानकारी गराइन्छ ।

यही नोभेम्बर २०, बुधवार निर्वाचन कार्यक्रम भए पनि कुनै पनि पदमा एकभन्दा बढीको उम्मेदवारी नपरेका कारण निर्वाचन गर्न नपर्ने गरी तपसिलका उम्मेदवारहरू निर्विरोध निर्वाचित भएको व्यहोरा सबैको जानकारीका लागि सो सूचना प्रकाशित गरिएको छ । कार्यसमितिका नव निर्वाचित अध्यक्षसहित सबै पदाधिकारीहरूलाई निर्वाचन समिति हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ । निर्वाचनको यस प्रक्रियामा सक्रितापूर्वक भाग लिई निर्वाचन सफल बनाइदिनुहुने नवनिर्वाचित पदाधिकारीहरू, निवर्तमान पदाधिकारीहरू तथा डी.सी. च्याप्टरसँग सम्बद्ध सबै पदाधिकारीहरूलाई निर्वाचन समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

**निर्वाचन समितिमा प्राप्त उम्मेदवारीको सूची**

| क्रमाङ्क | उम्मेदवारको नामथर | उम्मेदवारी दिएको पद | आजीवन सदस्यता नं. | परिणाम |
|---|---|---|---|---|
| १. | नीलकण्ठ सुवेदी | अध्यक्ष | २०१६-१३४७ | निर्विरोध निर्वाचित |
| २. | कविन्द्र सिटौला | वरिष्ठ उपाध्यक्ष | २०१६-१३९२ | निर्विरोध निर्वाचित |
| ३. | शकुन्तला अधिकारी | उपाध्यक्ष | २०१८-२५२० | निर्विरोध निर्वाचित |
| ४. | जगन्नाथ पौडेल | महासचिव | २०१८-२४६२ | निर्विरोध निर्वाचित |
| ५. | गोमा न्यौपाने | सचिव | २०२०-२२५० | निर्विरोध निर्वाचित |
| ६. | मनिष पोखरेल | कोषाध्यक्ष | २०२४-१३१३ | निर्विरोध निर्वाचित |
| ७. | तनुजा पोखरेल | सदस्य | २०२२-१४७५ | निर्विरोध निर्वाचित |
| ८. | विमला थापा | सदस्य | २०१८-२४३८ | निर्विरोध निर्वाचित |
| ९. | दिलीप नेपाल | सदस्य | २०२०-१९५५ | निर्विरोध निर्वाचित |
| १०. | भुवनप्रसाद सिग्देल | सदस्य | २०२४-१३१५ | निर्विरोध निर्वाचित |
| ११. | समनश्री श्रेष्ठ | सदस्य | २०२४-१३१४ | निर्विरोध निर्वाचित |
| १२. | रामहरि फुँयाल | सदस्य | २०२४-१३१६ | निर्विरोध निर्वाचित |

महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११६ औं जन्मजयन्तीका अवसरमा यही नोभेम्बर २३, शनिवारका दिन अपराह्न १२ बजे बुल रन रिजनल लाईब्रेरी मनाससमा हुने कार्यक्रममा नवनिर्वाचित पदाधिकारीहरूको पदभार हस्तान्तरण तथा सपथ ग्रहण समारोहसमेत आयोजना गरिएकाले उक्त कार्यक्रममा सहभागी हुनका लागि डी.सी. च्याप्टरका सबै पूर्व कार्यसमितिका पदाधिकारीहज्यूहरू, आजीवन निवर्तमान पदाधिकारीज्यूहरू, सदस्यज्यूहरू तथा सबै साहित्यकार महानुभावमा हार्दिक अनुरोध गरिन्छ ।

**शिव लामिछाने**
संयोजक,
निर्वाचन समिति